प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश, विराटनगर, नेपाल

प.सं: २०७९।८०
च.नं.: 2044

मिति: २०८०।०३।०५

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगर, नेपाल

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री सबै मन्त्रालय,
कोशी प्रदेश, विराटनगर।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंको च.नं. ५९२२५ मिति २०८०।०२।२३ को निर्णय कार्यान्वयन सम्बन्धी पाना १ यसै साथ संलग्न रहेको छ। व्यहोरा पत्र बाटै अवगत गर्नु भई सो निर्णय कार्यान्वयन हुन आदेशानुसार अनुरोध छ।

..........................
हितेश बस्नेत
शाखा अधिकृत

**<u>बोधार्थ</u>**
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं।

फोन नं. +९७७-०२१-४७५१६६ ईमेल:- info.ocmcm@p1.gov.np

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं
(महाशाखा नं. ६)

पत्र संख्या :- ६/०७९-८० (सम्पत्ति विवरण)
चलानी नं. :- ५९२२५

मितिः २०८०/०२/२३

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
कोशी प्रदेश,
विराटनगर, मोरङ।

अत्यन्त जरुरी गोप्य
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश, विराटनगर, नेपाल
दर्ता नं.: २२२३
२०८०।०२।३१

उपरोक्त सम्बन्धमा शुरू नियुक्ति पाउने सार्वजनिक पद धारण गरेका पदाधिकारी र कर्मचारीहरूले नियुक्ति पाएको मितिले साठी दिनभित्र र हरेक आर्थिक वर्ष शुरू भएको मितिले साठी दिनभित्र सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नियुक्ति दिने निकायहरूले सम्बन्धित पदाधिकारी र कर्मचारीहरूलाई अनिवार्यरूपमा सम्पत्ति विवरण बुझाउन लगाउने जिम्मेवारी र कर्तव्य सम्बन्धित निकायको कार्यालय प्रमुखको हुने भनि मिति २०७५/०३/२० को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिमको कानुनी व्यवस्थाको पूर्ण पालना गर्ने/गराउने, सम्पत्ति विवरणलाई कार्यालय प्रमुखको कार्यसम्पादन मूल्यांकन प्रणाली र वृत्ति विकाससँग आवद्ध गर्ने, सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्वका सम्बन्धमा पर्याप्त चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, सम्पत्ति विवरण सम्बन्धमा कार्य गर्ने निकायबीच ढाँचागत एकरूपताका लागि पहल गर्ने, बुझाइएका सम्पत्ति विवरणका बन्दी खामहरूको व्यवस्थापन र संरक्षण गर्ने, सम्पत्ति विवरण बुझाउनेहरुको नामावली विद्युतीय प्रणालीमा आवद्ध गर्ने, निश्चित श्रेणी र तहभन्दा माथिका पदाधिकारी/कर्मचारीहरूको मात्र सम्पत्ति विवरण लिने व्यवस्था गरी अन्यको हकमा वैकल्पिक व्यवस्था गर्नका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखि पठाउने भनी आयोगबाट मिति २०८०/०२/०४ मा निर्णय भएकाले सोही व्यहोरा अनुरोध छ।

श्री प्रशासन महाशाखा
→ सबै मन्त्रालयमा निर्णय कार्यान्वयनको लागि पत्राचार गर्नु
→ नियमित सचिव बैठकमा पेश हुने।
२०८०।२।३२

श्री प्रशासन महाशाखा

प्र.म.मं.
द.नं. २२६
०२०।२।३०

(विष्णुराज बेल्बासे)
उपसचिव
२०८०।०२।२३

(कृपया पत्राचार गर्दा आयोगको महाशाखा, पत्र संख्या, च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिनु होला।)